# मुक्ति छ प्रभुको।
Notes by Franklin

भजनसंग्रह ३:८ छुटकारा परमप्रभुबाट आउँछ। तपाईंको आशीर्वाद तपाईंका प्रजामाथि रहोस्!
सेला. योना २:९ उद्धार परमप्रभुबाटै हुन्छ।"

अध्यन: रोमी ८:२८-३० हामी जान्दछौं, **उहाँलाई प्रेम** गर्नेहरू र उहाँका अभिप्रायअनुसार **बोलाइएकाहरूका निम्ति** हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ। २९ **जस-जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ,** उहाँले तिनीहरूलाई आफ्ना पुत्रको रूपसमान बनाउनलाई, धेरै भाइहरूमध्ये उहाँचाहिँ ज्येष्ठ होऊन् भनेर, अघिबाटै नियुक्त गर्नुभयो। ३० उहाँले यी कुरा बोल्नुहुँदा धेरैले उहाँमाथि विश्वास गरे।

यशैया ४६:११ …. मैले जे **भनेको छु,** त्यो **म गर्नेछु**। मैले जे योजना बनाएको छु, **म त्यो गर्ने नै छु।**

-----------------------------------------------------------------------------------------

रोमी ८:२८ हामी जान्दछौं, **उहाँलाई प्रेम** गर्नेहरू र उहाँका अभिप्रायअनुसार **बोलाइएकाहरूका निम्ति** हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ।

I. परमेस्वरलाई प्रेम गर्ने को हुन्?

रोमी ८:२८ उहाँका अभिप्रायअनुसार **बोलाइएकाहरूका निम्ति / उहाँको योजना**

II. उहाँले कसलाई बोलाउनु भयो?

रोमी ८:२९ **जस-जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ,** उहाँले तिनीहरूलाई आफ्ना पुत्रको रूपसमान बनाउनलाई, धेरै भाइहरूमध्ये उहाँचाहिँ ज्येष्ठ होऊन् भनेर, अघिबाटै नियुक्त गर्नुभयो, जसको नाउँ **संसारको सृष्टिदेखि नै मारिनुभएका थुमाका जीवनको पुस्तकमा लेखिएको छैन**। प्रकाश १३:८ & १७:८

एफीसी १:४ उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर **संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो।**

१ पत्रुस १:१-३ तिनिहरु. . . परमेश्वर पिताद्वारा उहाँको **पूर्वज्ञानअनुसार चुनिएकाहरूलाई** अनुग्रह र शान्ति प्रशस्त हुँदैजाओस्। परमेश्वर र हाम्रा प्रभु येशू ख्रीष्टका पिता धन्यका हुनुहुन्छ ! उहाँको महान् कृपाले मृतकबाट येशू ख्रीष्टको पुनरुत्थानद्वारा एउटा जीवित आशाको निम्ति हामी **नयाँ गरी जन्मेका छौं।**

- यूहन्ना १५:१६ मलाई तिमीहरूले चुनेनौ, तर मैले तिमीहरूलाई चुनें

lll. तपाईलाई पुर्वनिर्धारित गरिएको थियो / पुर्वनिर्धारित गरिएको .....

रोमी ८ : २९ जस-जसलाई उहाँले **पहिलेबाटै चिन्नुभएको छ,** उहाँले तिनीहरूलाई आफ्ना पुत्रको रूपसमान बनाउनलाई यशैया ४६: ११ **मैले जे भनेको छु, - त्यो म गर्नेछु। मैले जे योजना बनाएको छु, म त्यो गर्ने नै छु।**

**IV. तपाईलाई उहाँले बोलाउनु भयो।**

रोमी ८:३० जस-जसलाई उहाँले अघिबाटै नियुक्त गर्नुभयो, तिनीहरूलाई **उहाँले बोलाउनु** पनि **भयो**

१ कोरन्थी १:९ परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, **जसद्वारा** उहाँका पुत्र हाम्रा प्रभु येशू ख्रीष्टको **सङ्गतिमा तिमीहरू बोलाइयौ।**

रोमी १:६ **तिमीहरू पनि** तिनीहरूसँगसँगै **येशू ख्रीष्टका हुन बोलाइएका छौ।**

- उहाँको रोक्न नसक्ने बोलावट भनेको तपाइको हृदय थियो, नकी तपाइको ज्ञान। तपाइले उहाँको नाम बोलानुभयो किनकि उहाँले पहिला तपाइलाई बोलाउनु भयो।

  १ कोरन्थी १:२ कोरिन्थमा भएका परमेश्वरको मण्डलीलाई जो ख्रीष्ट येशूमा पवित्र भएको छ, र तिनीहरूका साथसाथै हरेक स्थानमा **सन्त**

**हुनलाई बोलाइएकाहरू** सबैलाई, जुनहरूले **प्रभु येशू ख्रीष्टका नाउँको पुकारा गर्दछन्,** जो तिनीहरू र हाम्रा प्रभु हुनुहुन्छ:

१ थिसलोनिकी ५:२४ **तिमीहरूलाई बोलाउनुहुने विश्‍वासयोग्य हुनुहुन्छ,** उहाँले **यो गर्नु नै हुनेछ।**

- उहाँको एउटै पनि इच्छाले बोलावटलाई गुमाउने छैन।
  यूहन्ना ६:३७ पिताले मलाई दिनुहुने **सबै मकहाँ आउनेछन्,** र मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्नेछैनँ।

  यूहन्ना ६:३९ र मलाई **पठाउनुहुनेको इच्छा** यो हो, कि उहाँले मलाई दिनुभएकाहरूमध्ये कसैलाई पनि **म नगुमाऊँ,** तर तिनीहरूलाई अन्त्यको दिनमा जीवित पारूँ।

  यूहन्ना १८:९ . . . "तपाईंले मलाई दिनुभएकाहरूमध्ये **एउटालाई पनि मैले गुमाइनँ"** भनी उहाँले भन्नुभएको वचन पूरा होस् भनेर यो भयो।

  यूहन्ना १०:३ ढोकेले उसको लागि ढोका खोलिदिन्छ, र **भेड़ाहरूले उसको सोर सुन्छन्,** र **उसले आफ्ना भेड़ाहरूलाई नाउँ काढ़ी-काढ़ी बोलाउँछ,** अनि **तिनीहरूलाई** बाहिर **लैजान्छ।**

  यूहन्ना १०:४ जब **उसले आफ्ना सबै** भेड़ाहरूलाई बाहिर निकालिसक्छ, ऊ तिनीहरूका अगिअगि हिँड्छ, र **भेड़ाहरूले उसलाई पछ्याउँछन्,** किनभने **तिनीहरूले उसको सोर चिन्छन्।**

  यूहन्ना १०:२६-२९ तर तिमीहरू विश्‍वास गर्दैनौ, किनभने तिमीहरू मेरा भेड़ामध्येका होइनौ। २७ **"मेरा भेड़ाहरूले मेरो सोर सुन्छन्,** र तिनीहरूलाई म चिन्छु, र **तिनीहरू मेरो पछि आउँछन्।** २८ तिनीहरूलाई **म अनन्त जीवन दिन्छु,** र तिनीहरू **कहिल्यै नष्ट हुनेछैनन्,** र कसैले तिनीहरूलाई मेरो हातबाट खोसी लैजानेछैन।

## V. परमेश्वरबाटको उपहार चाहिँ विश्वास हो।

हिब्रु १२:२ **हाम्रा विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई** हेरौं, लेखक – एक त्यो उत्पत्ति अथवा बनाउछ

गलाती ३:२३ तर **विश्वास आउन अघि** हामी व्यवस्थाको वशमा थियौं, र **विश्वास प्रकट नभएसम्म हामी थुनिएका थियौं।**

- विश्वास हामीमा आयो। हामीमा अथवा हामीबाट यो उत्पत्ति भएको होइन ।

मत्ती १६:१५-१७ उहाँले तिनीहरूलाई सोध्नुभयो, "तिमीहरू के भन्छौ, म को हुँ?" सिमोन पत्रुसले जवाफ दिए, "तपाईं ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरको पुत्र।" येशूले तिनलाई भन्नुभयो, "योनाको छोरो सिमोन, तिमी धन्य हौ। किनभने मानिसबाट तिमीलाई यो प्रकट भएको होइन, तर स्वर्गमा हुनुहुने मेरा पिताले प्रकट गर्नुभएको हो।

- थाहा पाएर यसलाई किन पत्रुसले निम्न कुरा लेखे:

२ पत्रुस १:१ येशू ख्रीष्टको दास र प्रेरित सिमोन पत्रुसबाट, र हाम्रा परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको धार्मिकतामा हाम्रो जस्तै अनमोल **विश्वास प्राप्त गर्नेहरूलाई:**

रोमी १२:३-४ **परमेश्वरले हरेकलाई दिनुभएको विश्वासको नापबमोजिम**

फिलीप्पी १:२९ किनभने ख्रीष्टको निम्ति **तिमीहरूलाई यो दिइएको छ,** कि तिमीहरूले उहाँमाथि **विश्वास गर्नु मात्र होइन,** तर उहाँको खातिर दु:ख पनि भोग्नुपर्छ,

१ पत्रुस १;२१ **उहाँद्वारा परमेश्वरमाथि तिमीहरूको भरोसा छ, . . . ताकि तिमीहरूको विश्वास** र **आशा** परमेश्वरमा रहोस्। (*द्धारा वा बाट - कार्यद्धारा)

एफिसी २:८ किनभने **अनुग्रह**बाट **विश्‌वास**द्वारा तिमीहरूले **उद्धार** पाएका छौ– र यो **तिमीहरू आफैबाट होइन,** यो त परमेश्‌वरको **वरदान** हो–

- **अनुग्रह**द्वारा यो स्पस्ट हुन्छ कि **मुक्ति हामीबाट होइन।** त्यसैले **विश्वास हामीबाट हुनसक्दैन** जबसम्म विश्वासबाट अथवा द्धारा मुक्ति औदैन। नत्रभने मुक्ति हामीमा निर्भर हुन्छ।

- अनि यसलाई स्पष्ट पार्न, पवित्र आत्मा जोडिनु भयो "र त्यो हामीबाट होइन" स्पष्ट रुपमा उधृत गर्दै **विश्वास नामकरण गरिन्छ।** साथसाथै हामीबाट होइन तर **परमेश्वोरको उपहार** जस्तै जसरी **अनुग्रह**ले घोषणा गर्दछ कि मुक्ति हामीद्रारा होइन। **"त्यसले" जनाउदैन** कि **बचाईएको** छ जसरी कृयाले अघिनै स्पष्ट पार्छ कि हामीले कार्यलाई **बचाइएका छौ** जसले गर्दा बर्णन " त्यो तपाई आफैबाट होइन " कुनै पनि सबै आवश्यक छैनन् स्पष्ट रुपमा स्पष्टिकरण त्यो **विश्वास हामीबाटको** पनि **होइन।**

- यूहन्ना १५:५ किनकि मबाट अलग रहेर **तिमीहरू केही गर्न सक्दैनौ।** यदि केहि भन्नाले केहि होइन, म मान्ने छु कि त्यसमा विश्वास समाबेस गरिएको छ र भरोसा। दुवै परमेश्वरको **उपहारहरु** हुन।

- १ कोरन्थी ४:७ . . . . . **तिमीसंग जे छ त्यो तिमीले पाएको होइन?** यसमा विश्वास समाबेस गरिएको छ।

- यूहन्ना ३:२७ . . . . . "मानिसलाई स्‌वर्गबाट नदिइएसम्‌म त्‌यसले कुनै कुरा पाउन सक्‌दैन। यसमा विश्वास समाबेस गरिएको छ।

२ कोरन्थी २:१३ . . . .परमेस्वरले सुरुवातबाटनै मुक्तिको लागि ( दुई थोकहरु ) (१) आत्माबाटको सुद्धिकरण **अनि** (२) **विश्वास** सत्त्यमा बाट **तपाइलाई चुन्नु भएको ।**

- आत्माबाटको शुद्धिकरण। “अनि” भन्ने शब्द्ध शुद्धिकरण र विश्वास संगसंगै जोडीएको छ जुन अर्थसंग त्यो **विश्वास पनि आत्माबाट र मानिसबाट उत्पन्न भइरहेको होइन।**

याकुब २:५ मेरा प्रियहरू, सुन, के परमेश्‍वरले संसारका गरीबहरूलाई **विश्‍वासमा धनी तुल्याएर** त्यस राज्यका उत्तराधिकारी हुनलाई **चुन्‍नुभएन र?** यहि राज्य उहाँलाई प्रेम गर्नेहरूलाई उहाँले दिने प्रतिज्ञा गर्नुभएको होइन र?

१ कोरन्थी १:३० **परमेश्‍वर नै ख्रीष्‍ट येशूमा तिमीहरूका जीवनको स्रोत हुनुहुन्छ,** ख्रीष्‍टलाई नै उहाँले हाम्रा बुद्धि, हाम्रा धार्मिकता र पवित्रता र हाम्रा उद्धार बनाउनुभयो।

IV. माथिको थाहा गर्नु भनेको किन हामी परमेस्वरलाई प्रेम गर्छौं। त्यसैकारण:

१ तिमोथी ६:१२ विश्‍वासको उत्तम लड़ाइँ लड़। **अनन्‍त जीवन पक्रिराख। यसैमा तिमीलाई बोलावट भएको थियो,** जब तिमीले धेरै साक्षीहरूका उपस्‍थितिमा तिम्रो विश्‍वासको असल साक्षी दिएका थियौ।

१ थिसोलोनिकी २:१२ यस हेतुले कि तिमीहरूको चालचलन परमेश्‍वरको योग्‍य होस्, **जसले तिमीहरूलाई उहाँको आफ्नै राज्‍य र महिमामा बोलाउनुहुन्छ।**

२ थिसोलोनिकी २:१४ यसैको निम्‍ति हाम्रो सुसमाचारद्वारा हाम्रा **प्रभु येशू ख्रीष्‍टको महिमा प्राप्‍त गर्न उहाँले** तिमीहरूलाई **बोलाउनुभयो।**

हिब्रु ९:१५ यसैकारण उहाँ नयाँ करारका मध्यस्‍थ हुनुहुन्छ, यस हेतुले कि बोलावट भएकाहरूले प्रतिज्ञा गरिएको अनन्‍त उत्तराधिकार प्राप्‍त गरून्, किनकि एक जनाको मृत्‍युको मोल भइसकेको छ, **जसद्वारा पहिलो करारको समयमा भएका अपराधहरूबाट उद्धार पाइन्छ।**

१ पत्रुस २:९ तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्‍वरका निजी प्रजा हौ। उहाँले **तिमीहरूलाई अन्‍धकारदेखि** उहाँका उदेकको ज्‍योतिमा ल्‍याउनुभयो, ताकि तिमीहरू उहाँका आश्‍चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक।

१ पत्रुस ३:८-१० अन्त्यमा तिमीहरू सबैमा आत्माको एकता राख, एउटाले अर्कोलाई सहानुभूति देखाओ, भातृ-प्रेम गर, कोमल हृदयका होओ, र नम्र मनका होओ। ९ खराबीको बदला खराबी नगर्ने अथवा अपमानको बदला अपमान नदिने, बरु त्यसको सट्टामा **आशिष् दिने होओ**, किनकि **यसैको लागि तिमीहरू बोलाइएका छौ**, कि तिमीहरूले आशिष् प्राप्त गर्न सक।

प्रेरित २:३९ किनकि **प्रतिज्ञा तिमीहरूका निम्ति, तिमीहरूका सन्तानको निम्ति** र टाढ़ा-टाढ़ामा रहेका **सबैका** निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले **बोलाउनुहुन्छ।"**

एफिसी ४:१-३ यसकारण, म प्रभुको निम्ति एक कैदी, तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि जुन बोलावटमा तिमीहरू **बोलाइएका** छौ त्यही **योग्यको** जीवन यापन गर। २ सारा दीनता, नम्रता र धैर्यसँग एउटाले अर्कालाई प्रेममा सहेर, ३ शान्तिको बन्धनमा पवित्र आत्माको एकता कायम राख्न प्रयत्न गर।

VII. उहाँले तपाईलाई न्याय दिनुहुन्छ

रोमी ८:३० जस-जसलाई उहाँले अघिबाटै नियुक्त गर्नुभयो, तिनीहरूलाई उहाँले बोलाउनु पनि भयो

रोमी ३:२४ परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैँमा धर्मी ठहरिएका छन्। ५:९ यसकारण उहाँको रगतद्वारा धर्मी ठहरिएका हुनाले झन् बढ़ी हामी परमेश्वरको क्रोधबाट उहाँद्वारा बचाइनेछौं।

रोमी ५:१-३ यसैकारण **विश्वासद्वारा धर्मी ठहरिएर** हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ। २ **उहाँद्वारा हामीले यस अनुग्रहमा विश्वासद्वारा प्रवेश पाएका छौं।** यस अनुग्रहमा हामी खड़ा छौं, र **परमेश्वरका महिमाको** सहभागी हुने हाम्रो आशामा हामी रमाउँछौं।

VIII. अनि उहाँ महिमित हुनुभयो

रोमी ८:३० जस-जसलाई धर्मी ठहराउनुभयो तिनीहरूलाई **उहाँले महिमित** पनि पार्नुभयो।

---

त्यसैकारण: **उहाँले हामीलाई बचाउनु भयो,** न कि हामीहरुले गरेका धार्मिक थोकहरुले होइन, तर उहाँको करुणाले गर्दा हो। तितस ३:५

तब **उहाँले भन्नुभयो, "अब सिद्धियो,"** यूहन्ना १९:३०

जसरी यशैया अगमबकक्ता यशैया ४६:११ भन्नु हुन्छ ........

मुक्ति परमेस्वरबाटको हो। यूहन्ना २:९

सर्बसक्तिमान परमेस्वर पिता हुनुहुन्छ। उहाँले आफ्ना सन्तानहरुलाई प्रेम गर्नुहुन्छ।

उहाँ अनन्तकालसम्म हुनुहुन्छ र उहाँले देख्नुभएको छ कि उहाँका सन्तानहरु उहाँसंगै अनन्तकालसम्म रहनेछन्।

परमेस्वर प्रेम हुनुहुन्छ (१ यूहन्ना ४:८) अनि प्रेमको कहिल्लै अन्त हुदैन।(१कोरन्थी १३:)

अनि त्यसैकरणले हामीले पिता परमेस्वोरलाई प्रेम गर्छौं र उहाँको पुत्र येशू ख्रिस्टलाई।

हामी प्रेम गर्छौं, किनकि उहाँले हामीलाई पहिला प्रेम गर्नुभयो। १ यूहन्ना ४:१९

हिब्रु ९:१२ ...... आफ्नै रगतद्वारा **अनन्त उद्धार** प्राप्त गरिदिएर सधैंको निम्ति एकै पल्ट महापवित्र स्थानभित्र उहाँ प्रवेश गर्नुभयो। १५ यसैकारण उहाँ नयाँ करारका मध्यस्थ हुनुहन्छ, यस हेतुले कि बोलावट भएकाहरूले **प्रतिज्ञा गरिएको अनन्त उत्तराधिकार प्राप्त गरून्,** किनकि एक जनाको मृत्युको मोल भइसकेको छ, जसद्वारा पहिलो करारको समयमा भएका अपराधहरूबाट उद्धार पाइन्छ।

हाम्रो **अनन्त मुक्ति**को लागि – **यो पूरा भईसकेको कार्य !**

..........................................................
.......................................................

**जे भएपनि, दिन दिनको मुत्ति** " गर्जने सिहझैँ " बाट............... (१ पत्रुस ५:८) त्यो कसलाई भेटु र खाई हालु भनी खोजि हिड्छ।

फिलीप्पी २:१२-१३ यसकारण मेरा प्रिय हो, जसरी (१) तिमीहरूले सधैँ आज्ञापालन गरेका छौ, मेरो उपस्थितिमा मात्र गरेजस्तो होइन, तर अब (२) झन् बढी मेरो अनुपस्थितिमा (३) **डर र कम्पसाथ तिमीहरूको आफ्नो मुक्तिको काम पूरा गर्न परिश्रम गर।** १३ किनकि तिमीहरूलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ।

- **तपाइको मुक्तिको लागि कार्य गर्नुहोस्** तपाइको मुक्ति – यो तपाइको हो। तपाईसंग हुनुपर्छ। अब कार्य गर्नुहोस् / पुरा गर्नुहोस्। तपाई जस्तो हुनुहन्छ त्यस्तै हुनुहोस्।

- **तपाई जहिल्यै पनि आज्ञाकारी हुनुहोस्** अर्थ भनेको तिनीहरुले **बोलावटको आज्ञा मान्नु हो, विश्वास गर्नु,** अनि परमेस्वरलाई पछ्याउनु हो।

- हिब्रु ११:८ जब उसलाई **बोलाइयो, विश्वास**द्धारा अब्राहामले **आज्ञा पालन गरे।**

  - विश्वास र भरोसा दुवै उस्तै ग्रीक शब्द हुन्।
  - विश्वास – नाम, परमेस्वरबाट हामीलाई दिनुभएको छ।
  - आस्था – कृया, भनेको कार्य शब्द। साचो विश्वासमा कृया हुन्छ।

हामीहरुलाई प्रोत्साहन मिलको छ कि त्यो भंन्दा पनि बढी गर्न (कार्य), **अब अझ बढी।**

जीवन जिउनुहोस् जसले आदर र परमेश्वोरलाई महिमित दिन्छ।

अनि तपाईले गर्नसक्नुहुन्छ . . . .

- **यो परमेश्वर हुनुहुन्छ जसले "तपाईमा" काम गर्नुहुन्छ,** दुवैमा र उहाँको असल आनन्दको लागि। स्पस्टसंग घोषणा गर्न सकिन्छ कि तिनीहरु पूर्ण जन्म पाएका बिस्वासीहरु हुन् जसरी परमेश्वर तिनीहरु**मा** हुनुहुन्छ . . . कार्य गर्नु हुन्छ . . . .त्यसैकरणले:

फिलीपि २:१४-१५ गनगन अथवा वाद-विवाद नगरी सबै काम **गर्दैजाओ,** १५ कि तिमीहरूचाहिँ निर्दोष र सुधा भएर टेढ़ा र बरालिएका पुस्ताको बीचमा **परमेश्वरका** निष्खोट **सन्तान** होओ, जुन पुस्ताको बीच संसारमा तिमीहरू ताराहरूझैँ चम्कन्छौ।

- परमेश्वरको नजरमा तपाई अघिनै **दोस रहित र निर्दोष हुनुहुन्छ,** साबित, थुमाको रगतको कारण (न्यायकर्ता २४, रोमी३:२२-२५)

- यो पदले उहाँको साक्षी बन्न भन्दछ (प्रेरित १:८) अब उसो हाम्रो जीवन

  जिऔ।

  मत्ती ७:२० यसरी ती अगमवक्ताहरूलाई तिनीहरूका फलबाट चिन्नेछौ।

  यूहन्ना १५:२-६ ......... प्रत्येक हाँगा जसले फल फलाउँदैन उहाँले त्यसलाई छाँट्नुहुन्छ
  (शाब्दिक रुपमा: सफा गर्नुहन्छ) र फल फलाउने हरेक हाँगालाई झन् बढ़ी फल फलोस् भनी उहाँले छिँवल्नुहुन्छ। ३ मैले तिमीहरूलाई भनेको वचनले तिमीहरू **अघि नै शुद्ध** भइसकेका छौ। (जब उहाले तपाइलाई बोलाउनु हुन्छ: १ को १:२)

५. "दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ। यदि कोही ममा रह्यो भने, र म त्यसमा रहें भने, **त्यसले धेरै फल फलाउँछ,** किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ।

८ तिमीहरूले धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणित गर्‍यौ भने यसैमा मेरा पिताको महिमा हुनेछ।

पुरा गर्नुहोस, त्यसमा कार्य गर्नुहोस्, तपाइको मुक्ति पूर्णरुपमा देखाउनुहोस कि तपाई परमेश्वरको सन्तान हुनुहुन्छ, बिस्वासी (येशू जस्तै)।

तपाई जे हुनुहुन्छ त्यसैमा रहनुहोस्.... उहाको चेला भनेर साबित गर्नुहोस। उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, (१ पत्रुस २:९)।

यशैया ६१:१० म परमप्रभुमा साह्रै आनन्दित हुन्छु। मेरो प्राणले मेरा परमेश्‍वरमा आनन्द मनाउँनेछ। किनकि **उहाँले मलाई उद्धारको पोशाक लगाइदिनुभएको छ,** र उहाँले मलाई **धार्मिकता**को वस्त्रले ढाक्नुभएको छ– जसरी दुलहाले आफ्नो शिर पूजाहारीले सिँगारेझैँ सिँगार्छन्, र दुलहीले आफैलाई रत्नहरूले आभूषित गर्छिन्।

तपाइको स्वर्गीय पिताले सबै माथिको गर्नुभयो किनभने:
तपाई उहाँको सन्तान हुनुहुन्छ। उहाँले आफ्नो हेरचाह गर्नुहुन्छ।

उहाँले तपाईलाई प्रेम गर्नुहुन्छ ! तपाई एकदमै बिशेष अनि उहाको लागि बहुमुल्य हुनुहुन्छ।
यस्तो जीवन जिउनुहोस् कि तपाइको पिता तपाई देखि गर्भ गरुन्।

उहाको आफ्नो लागि येशू वास्था गर्नुहुन्छ
**प्रभुयेशू अझै उहाको सिहासनमा हुनुहुन्छ**
**उहाले आफुलाई झैँ माया गर्नुहुन्छ**

उहाको बाचाहरु साचो छन् – उहाले महान पुर्वक तपाइलाई प्रेम गर्नुहुन्छ
उहाले कहिल्यै आफ्नो निम्ति सोच्नुहुन्न

प्रभुयेशू अझै उहाको सिहासनमा हुनुहुन्छ उहाले आफुद्वारा शासन गर्नुहुन्छ
उहाले तपाइको आसुलाई साचेर वर्ष भरि राख्नु भएको छ
उहाले तपाइको केस गन्नु हुन्छ र तपाइलाई वास्तविक रुपमा वास्ता गर्नुहुन्छ
आफुलाई झैँ उहाले डाहा पुर्वक दृष्टि लगाउनु हुन्छ
उहाको दृष्टिमा तपाई मल्यवान हुनुहुन्छ – उहाको नजरमा महत्वपूर्ण सम्पतिको रुपमा

तपाइको लागि उहाले आफ्नो सिहासन छोड्नु भयो – आफ्नै इस्छामा उहा तल आउनु भयो

तपाइको लागि उहा मारिनु भयो – उहाको रगतद्वारा तपाई प्राप्त हुनुभयो
उहाको सम्पति पाइयो
भुमिबाट छुटकारा हुनुभयो

जितको आवाजसहित, उहा आफ्नो सिहासनमा फर्कनु भयो
अनि आफ्नो तर्फबाट उहाको दाहिने बहुलिमा

उत्साहकासाथ उहाले प्रत्यकलाई उहाको ठाउँमा ल्याउन कुरीरहनु भएको छ
उहाको आफ्नो सिहासनको छेउमा, उहाको अनुग्रहको पुरस्कार
गर्भका साथ आफ्नो दर्शाउनु हुन्छ

Given to Franklin
New Delhi, India
August 24, 1993